# प्रादेशिक आर्थिक गतिविधि अध्ययन लुम्बिनी प्रदेश

## प्रथम अर्ध–वार्षिक प्रतिवेदन

(आ.व. २०७७/०७८)




नेपाल राष्ट्र बैंक

सिद्धार्थनगर कार्यालय

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १२ अनुसार बैंङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दछ। सोही ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैंङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाउन आर्थिक वर्ष २०७६/७७ देखी यस प्रदेशमा रहेका १२ वटै जिल्लाहरुलाई समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालिएको हो। कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी कार्यान्वयनमा आएको नेपाल राष्ट्र बैंकको **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६"** अनुसार उपत्यका बाहिरका कार्यालयबाट आर्थिक गतिविधि अध्ययन गरी प्रादेशिक तथा एकिकृत प्रतिवेदन तयार गर्दा कार्यक्षेत्र भित्र पर्ने तोकिएका जिल्लाहरुको कृषि, उद्योग र सेवा तथा यस अन्तर्गतका शीर्षकहरुको समेत निर्दिष्ट ढाँचामा तथ्याङ्क संकलन गरी अर्द्धवार्षिक आर्थिक गतिविधिको अध्ययन गर्न मार्ग निर्देशन गरेको छ।

स्थलगत सर्वेक्षणका माध्यमबाट जिल्लागत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार, विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आथिक वर्ष २०७७/७८ को अर्ध-वार्षिक तथ्याङ्क संकलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ। जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्वन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको छलफल अन्तरक्रिया, जिल्लास्थित बैंक तथा वित्तीय संस्थाहरु, मनिचेञ्चर तथा तोकिएका उद्योगहरुसँग गरिएको छलफलबाट प्राप्त सूचना तथा तथ्याङ्क एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृष्य चित्रण गरिएको छ।

सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्रभित्र पर्ने लुम्बिनी अञ्चलभित्रका रुपन्देही, कपिलवस्तु, नवलपरासी बर्दघाट सुस्ता पश्चिम, पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान र रोल्पा एवम् नेपालगन्ज कार्यालयको कार्यक्षेत्रभित्र पर्ने लुम्बिनी प्रदेशका बांके, बर्दिया, दाङ्ग र रुकुमपूर्व सहित १२ वटै जिल्लाका सरकारी तथा निजी क्षेत्रका कार्यालय, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरु प्रति आभार प्रकट गर्दछु। असहज परिस्थितिमा पनि यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने उप निर्देशक श्री गुलाव धवललाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशक श्री माधव राज ढकाल, प्रधान सहायक श्री देवराज ज्ञवाली र प्रधान सहायक श्री सुवासचन्द्र चौधरीलाई धन्यवाद दिन चाहन्छु।

निर्देशक

# विषय सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | IV |
| **परिच्छेद १ :** | **प्रदेशको तुलनात्मक स्थिति** | | १–३ |
| | १.१ | लुम्बिनी प्रदेशको परिचय | १ |
| | १.२ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | १ |
| | १.३ | अन्तरप्रदेश तुलना | १ |
| | १.४ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | २ |
| **परिच्छेद २ :** | **कृषि क्षेत्र** | | ४–८ |
| | २.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ४ |
| | २.२ | कृषि उत्पादन | ४ |
| | २.३ | पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ५ |
| | २.४ | सिँचाइ तथा मौसम | ५ |
| | २.५ | क्षेत्रगत कृषि कर्जा | ६ |
| | २.६ | कृषि कर्जा | ७ |
| | २.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | ७ |
| **परिच्छेद ३ :** | **उद्योग क्षेत्र** | | ९–११ |
| | ३.१ | उद्योगको क्षमता उपयोग, उत्पादन र प्रत्यक्ष रोजगारी | ९ |
| | ३.२ | क्षेत्रगत औद्योगिक कर्जा | १० |
| | ३.३ | औद्योगिक कर्जा | १० |
| | ३.४ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १० |
| **परिच्छेद ४ :** | **सेवा क्षेत्र** | | १२–१७ |
| | ४.१ | पर्यटन | १२ |
| | ४.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | १२ |
| | ४.३ | वित्तीय सेवा | १३ |
| | ४.४ | यातायात तथा संचार | १५ |
| | ४.५ | सेवा क्षेत्र कर्जा | १६ |
| | ४.६ | सेवा क्षेत्रको चुनौती र सम्भावना | १६ |
| **परिच्छेद ५ :** | **पूर्वाधार र रोजगारी** | | १८–२० |
| | ५.१ | पूर्वाधार क्षेत्र | १८ |
| | ५.२ | वैदेशिक रोजगारी | १९ |
| | ५.३ | प्रत्यक्ष बैदेशिक लगानी | १९ |
| | ५.४ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | १९ |
| **परिच्छेद ६ :** | **आर्थिक परिदृष्य** | | २१–२३ |

## तालिका सूची


तालिका १.१ : आर्थिक वर्ष २०७७/७८ को आर्थिक परिसूचकहरु २

तालिका २.१ : जिल्लागत कृषि कर्जाको अवस्था ६

तालिका ४.१ : घरजग्गा रजिष्ट्रेशन तथा राजश्व संकलन वृद्धि दर (प्रतिशत परिवर्तन) १३

तालिका ४.२ : जिल्लागत रुपमा सेवा क्षेत्रमा प्रवाहित कर्जा १६


## चार्ट सूची


चार्ट २.१ : सिचाई तथा खेतीयोग्य जमीनको स्थिति (हेक्टरमा) ६

चार्ट २.२ : क्षेत्रगत कृषि कर्जा स्थिति ७

चार्ट ३.१ : औद्योगिक क्षमता उपयोग (प्रतिशत) ९

चार्ट ३.२ : क्षेत्रगत औद्योगिक कर्जा स्थिति (रु दश लाखमा) १०

चार्ट ४.१ : पर्यटक स्तरीय होटल तथा लज, शैया र पर्यटक आगमन स्थिती १२

चार्ट ४.२ : घरजग्गा रजिष्ट्रेशन तथा राजश्व संकलन (रु. दश लाखमा) स्थिति १३

चार्ट ४.३ : कुल निक्षेप (रकम रु दशलाखमा) १४

चार्ट ४.४ : वित्तीय सेवाको (कर्जा निक्षेप) जिल्लागत अवस्था १५

चार्ट ४.५ : यातायात/सवारी साधनको अवस्था १५

# सारांश

लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७७/७८ को प्रथम अर्ध-वार्षिक अध्ययन प्रतिवेदनको सार-संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ।

**कृषि**

१. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रमा सामान्य ह्रास आएको छ।

२. समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादन ४.३६ प्रतिशतले घटेको छ। तरकारी तथा बागवानीको उत्पादन ०.८८ प्रतिशत र फलफूल तथा मसलाको उत्पादन ०.१७ प्रतिशतले बढेको छ।

३. समीक्षा अवधिमा प्रमुख पशुपंक्षी, माछा, तथा वनजन्य उत्पादनमध्ये दूधको उत्पादन १.१८ प्रतिशत र माछाको उत्पादन २३.४६ प्रतिशतले घटेको छ भने मासुको उत्पादन ५.७० प्रतिशत, अण्डाको उत्पादन ७.०८ प्रतिशत र दाउराको उत्पादन १६.५८ प्रतिशतले बढेको छ।

४. समीक्षा अवधिमा कुल सिँचित क्षेत्रफल ०.७८ प्रतिशतले बढेको छ।

५. समीक्षा अवधिमा कृषि कर्जा २०.२७ प्रतिशतले बढेको छ।

**उद्योग**

६. समीक्षा अवधिमा अध्ययनमा समेटिएका प्रमुख उद्योगहरुको क्षमता उपयोग औसतमा ४८.८० प्रतिशत रहेको छ।

७. समीक्षा अवधिमा औद्योगिक उत्पादनमध्ये तोरीको तेल २९.० प्रतिशत, मदिरा १२.७३ प्रतिशत, रोजिन १३८.७९ प्रतिशत, जि.आई.तार ५१.४३ प्रतिशत र विजुलीको तार उत्पादन २५ प्रतिशतले बढेको छ भने चाउचाउ ४१.१० प्रतिशत, सेन्थेटिक कपडा ४४.०३ प्रतिशत र कागजको उत्पादन ८५.७२ प्रतिशतले घटेको छ।

८. समीक्षा अवधिमा औद्योगिक कर्जा २.८९ प्रतिशतले बढेको छ।

**सेवा क्षेत्र**

९. समीक्षा अवधिमा पर्यटकस्तरीय होटल तथा लजको संख्या १५.२७ प्रतिशतले बढेको छ भने पर्यटक आगमन ८४.०७ प्रतिशतले घटेको छ।

१०. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या १७.७८ प्रतिशत र राजश्व २१.११ प्रतिशतले बढेको छ भने नक्सा पास संख्या २८.९४ प्रतिशतले घटेको छ।

११. समीक्षा अवधिमा यातायातका साधनको कुल संख्या १३.८ प्रतिशतले बढेको छ।

१२. समीक्षा अवधिमा कुल सेवा कर्जा १३.६८ प्रतिशतले बढेको छ।

# परिच्छेद १

# प्रदेशको तुलनात्मक स्थिति

## १.१ लुम्बिनी प्रदेशको परिचय

लुम्बिनी प्रदेशमा १२ वटा जिल्लाहरु बर्दिया, बाँके, दाङ्ग, रुकुम पूर्वी, रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची, पाल्पा, कपिलवस्तु, रुपन्देही र नवलपरासी पश्चिम रहेका छन । यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १ सय ९ वटा स्थानीय तहहरु छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशको क्षेत्रफल १७ हजार ८ सय १० वर्ग कि.मी रहेको छ। जस अनुसार यो प्रदेश छैठौं स्थानमा रहेको छ। यस प्रदेशले नेपालको कुल क्षेत्रफलको १२.१ प्रतिशत ओगटेको छ। यो प्रदेश ६ वटा पहाडी र ६ वटा तराईको जिल्लाहरु मिलेर बनेको छ। करीब ५४ प्रतिशत भूभाग तराई क्षेत्रमा पर्ने यस प्रदेशको पूर्वमा गण्डकी प्रदेश, उत्तरमा गण्डकी र कर्णाली प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेशसँग सीमाना जोडिएको छ भने दक्षिणमा भारतसँग सीमाना जोडिएको छ । समथर जमीनदेखि सात हजार मिटरसम्म उचाई भएको हिमालसम्म यो प्रदेशमा रहेका छन् ।

## १.२ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको आर्थिक वृद्धि दर ३.९ प्रतिशत रहने अनुमान छ । प्रचलित मूल्यमा यस प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादन ५ खर्व ९५ अर्ब पुगेको अनुमान छ। समीक्षा बर्षमा यस प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको ३१.९ प्रतिशत, उद्योग क्षेत्रको १४.८ प्रतिशत र सेवा क्षेत्रको ५३.३ प्रतिशत योगदान रहेको छ । समीक्षा वर्षमा मुलुकको समग्र कृषि उद्योग र सेवा क्षेत्रमा यस प्रदेशको अंश क्रमशः १७.४ प्रतिशत, १५.९ प्रतिशत र १२.३ प्रतिशत रहेको छ।

## १.३ अन्तरप्रदेश तुलना

प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७७/७८ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सवैभन्दा धेरै ३७.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.० प्रतिशत रहेको छ । त्यसपछि समग्र अर्थतन्त्रमा तेस्रो धेरै योगदान पुऱ्याउने लुम्बिनी प्रदेशको हिस्सा १४.० प्रतिशत रहेको छ। लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन कर्णाली प्रदेशको तेब्बर भन्दा बढी र बागमती प्रदेशको करिब एक तिहाई जति छ।

बृहत आर्थिक वर्गीकरण अनुसार कृषि क्षेत्रको उत्पादनमा प्रदेश १ को हिस्सा सबैभन्दा धेरै २१.५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२ प्रतिशत रहेको छ भने तेस्रो धेरै योगदान पुऱ्याउने लुम्बिनी प्रदेशको हिस्सा १७.४ प्रतिशत रहेको छ । उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३०.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.३ प्रतिशत रहेको छ। त्यसपछि समग्र उद्योग क्षेत्रमा तेस्रो धेरै योगदान पुऱ्याउने लुम्बिनी प्रदेशको हिस्सा १५.९ प्रतिशत रहेको छ । सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४६.७ प्रतिशत रहेको छ र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.७ प्रतिशत रहेको छ भने तेस्रो धेरै योगदान पुऱ्याउने लुम्बिनी प्रदेशको हिस्सा १३.३ प्रतिशत रहेको छ।

**तालिका १.१: आर्थिक वर्ष २०७७/७८ को आर्थिक परिसूचकहरु**

| आर्थिक परिसूचक/प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (रु.अर्बमा) | ६६३.६ | ५६१.७ | १६०७. | ३७२.२ | ५९५.६ | १७१.८ | २९३.९ | ४२६६.३ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.६ | १३.२ | ३७.७ | ८.७ | १४.० | ४.० | ६.९ | १०० |
| आर्थिक वृद्धिदर (उत्पादकको | ३.६ | ३.५ | ४.७ | ३.६ | ३.९ | ३.६ | ३.४ | ४.० |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५ | १९.९ | १६.८ | ९.५ | १७.४ | ५.२ | ९.६ | १०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश ( | १९.५ | ११.८ | ३०.५ | ११.६ | १५.९ | ३.३ | ७.३ | १०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत | १२.६ | ११.० | ४६.७ | ७.८ | १२.३ | ३.७ | ५.८ | १०० |
| कुल गार्हस्थ्य क्षेत्रगत उत्पादन (प्रतिशत) | | | | | | | | |
| कृषि क्षेत्र | ३५.२ | ३८.३ | ११.८ | २८.२ | ३१.९ | ३३.० | ३५.५ | २५.८ |
| उद्याग क्षेत्र | १६.२ | ११.५ | १०.८ | १७.५ | १४.८ | १०.७ | १३.७ | १३.१ |
| सेवा क्षेत्र | ४८.६ | ५०.२ | ७७.४ | ५४.४ | ५३.३ | ५६.३ | ५०.७ | ६१.१ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग ।

## १.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती*

**सम्भावनाहरु**

- यस प्रदेशमा कृषि पशुपालन र पर्यटनको क्षेत्रमा प्रशस्त सम्भावना रहेको छ । दाङ्ग, बाँके, बर्दिया, कपिलवस्तु, रुपन्देही लगायतका भित्री मधेश तथा तराईका जिल्लाहरु कृषि उत्पादनको लागि उर्वर भूमि रहेका जिल्लाहरु हुन । यस प्रदेशमा भरपर्दो सिँचाई सुविधाको यथोचित व्यवस्था गर्न सकिएमा खाद्यान्न लगायत नगदे बाली उत्पादनको प्रशस्त सम्भावना रहेको छ । ।
- दाङ्ग जिल्लालाई तेलहनको पकेट एरिया तथा रोल्पा, रुकुम तथा प्युठान जिल्लालाई बीउ बिजन उत्पादन केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । साथै, प्रदेशका पाल्पा, गुल्मी, अर्घाखाँची र प्यूठान जिल्लामा कफी र अदुवा जस्ता नगदे बालीको सफल उत्पादन भइरहेकोमा यसलाई थप विस्तार गर्न सकिने प्रचुर सम्भावना देखिन्छ । त्यस्तै, उखु, तरकारी र मसलाजन्य वस्तुहरुको उत्पादनको पनि उच्च सम्भावना छ । पशुपालन, मत्यस्पालन, मौरीपालन, कुखुरापालन र अष्ट्रिचपालनको पनि सम्भावना रहेको छ ।
- गौतमबुद्धको जन्मस्थल लुम्बिनी, हिन्दुहरुको पवित्रस्थल स्वर्गद्वारी, अर्घाखाँचीको सुपादेउराली लगायत थुप्रै धार्मिकस्थल तथा साँस्कृतिक, पुरातात्विक महत्वका मठमन्दिर, स्मारक, सम्पदा, तालतलैया तथा ऐतिहासिक स्थलहरुका साथै थारु, मगर, अवध, मुस्लिम आदि समुदायको विशिष्ट सँस्कृति, बाँके र बर्दियामा रहेका प्रसिद्ध राष्ट्रिय निकुञ्जहरुले गर्दा पर्यटनको विकासको उच्च सम्भावना रहेको छ ॥
- यस प्रदेशका पहाडी जिल्लाहरुमा सुविधा सम्पन्न हिल स्टेशनहरु निर्माण गरेर आन्तरिक एवम् वाह्य पर्यटकहरु आकर्षण गर्न सकिन्छ । होमस्टेहरुको व्यवस्थित रुपमा विकास गरी पर्यटकहरुलाई आकर्षण गर्न सकिन्छ । पर्यटन–मार्फत यस क्षेत्रको विकासका लागि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण तथा लुम्बिनी विकास गुरु योजनाको कार्यान्वयन कोसेढुंगा सावित हुन सक्दछ ।
- बुटवल, भैरहवा, घोराही, तुलसीपुर, नेपालगञ्ज र कोहलपुर जस्ता तीव्र रुपमा विस्तारित हुँदै गएका शहरहरुलाई पर्यटन, उद्योग, व्यापार, बैंकिङ्ग, पुँजीबजार, शिक्षा, स्थास्थ्य जस्ता क्षेत्रको मुख्य केन्द्रको रुपमा विकास र विस्तार गर्न सकिने देखिन्छ । यी सम्भावित महानगरहरु सिंगो प्रदेशको आर्थिक समृद्धिको सम्वाहक हुन सक्नेछन् । तीव्र रुपमा सहरीकरण भइरहेकोले

* प्रदेश योजना आयोगको प्रदेश वस्तुस्थितिबाट साभार गरिएको ।

व्यापार व्यवसाय, साना तथा मझौला उद्योगहरु, होटल, यातायात व्यवसाय विस्तार भै रोजगारी सिर्जना हुने प्रशस्त सम्भावना छ ।

- चौबिस वटा राष्ट्रिय गौरवका आयोजनाहरु मध्ये सिक्टा सिँचाई, बबई सिँचाई, भेरी बबई ड्राइभर्सन, गौतम बुद्ध विमानस्थल, लुम्बिनी विकास कोष गरी ५ वटा आयोजनाहरु यस प्रदेशमा रहेका छन् । त्यस्तै, मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, पूर्व पश्चिम रेलमार्ग र कालिगण्डकी करिडोर पनि यस प्रदेश भएर जान्छन् ।

**समस्या तथा चुनौतिहरु**

- मुलुककै कृषि उत्पादनमा महत्वपूर्ण योगदान दिँदै आएको यस प्रदेशमा अव्यवस्थित जग्गा विकास एवम् आन्तरिक बसाई सराई जस्ता गतिविधिका कारण कृषि भूमिको खण्डीकरण तथा क्षयीकरणको समस्या बढ्दो क्रममा रहेको छ । सार्वजनिक जग्गा र वन क्षेत्रको अतिक्रमण र हस्तक्षेपको समस्या पनि चुनौतीका रुपमा रहेको छ ।
- पहाडी जिल्लामा पर्याप्त कृषि श्रमिकको अभावमा कतिपय क्षेत्रमा जग्गा बाँझो हुने समस्या रहेको छ भने उचित पूर्वाधार एवम् बजारको अभावका कारण उत्पादित कृषि वस्तुले समेत यथोचित मूल्य पाउन सकिरहेका छैनन् । युवाहरु कृषि क्षेत्रतर्फ आकर्षित भएका छैनन् । खुला सीमानाबाट सस्तोमा सहजै आयात हुने भारतीय कृषि उपजसँग प्रतिष्पर्धा गर्न गाह्रो भइरहेको अवस्था छ ।
- संख्यात्मक रुपमा सहकारीहरुको बाक्लो उपस्थिति रहेता पनि सहकारीको मर्म अनुरुप आर्थिक गतिविधिमा सक्रियता बढ्न सकेको देखिदैंन । सहकारीहरुको कामकारवाही सहकारी सिद्धान्त अनुरुप बनाउनु चुनौतिपूर्ण रहेको छ । ।
- पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा युवावर्ग विदेशिने क्रम उल्लेख्य रुपमा रहेको छ । युवाहरुलाई उत्पादनमुलक, उद्यमशील र सिर्जनशील कार्यमा संलग्न गराउनु पर्ने काम चुनौति पूर्ण रहेको छ।
- यस क्षेत्रमा पर्यटनको प्रचुर सम्भावना हुँदाहुँदै पनि यसको योगदान कुल गार्हस्थ्य उत्पादनमा न्यून रहेको छ । लुम्विनी आउने पर्यटकहरुको बसाई अवधि लम्ब्याउने काम गर्नु चुनौति पूर्ण रहेको छ

# परिच्छेद २

# कृषि क्षेत्र

लुम्बिनी प्रदेश सरकारको मातहतमा रहने गरी कतिपय कार्यालयले एक जिल्ला र कतिपय कार्यालयले दुईवटा जिल्ला हेर्ने गरी कृषि ज्ञान केन्द्र स्थापित भएका छन् । यस प्रदेश अन्तर्गत रहेका आठ वटै कृषि ज्ञान केन्द्रहरु र प्रदेश कृषि विकास निर्देशनालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा कृषि क्षेत्रको विवरण तयार पारिएको छ ।

## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### २.१.१ खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तथ्याँक अनुसार प्रमुख खाद्य तथा अन्य बालीहरुले ढाकेको कुल क्षेत्रफल गत वर्षको ८ लाख २७ हजार ३ सय ८४ हेक्टरको तुलनामा समीक्षा अवधिमा ०.०६ प्रतिशतले कमी भई ८ लाख २६ हजार ८ सय ७५ हेक्टर कायम हुन आएको छ । समीक्षा अवधिमा धान, मकै, फापर, आलु, भटमास बालीहरुले ढाकेको भू-क्षेत्रमा वृद्धि भएको छ भने कोदो, जौ, उखु, दलहन र तेलहन बालीहरुले ढाकेको भू–क्षेत्रमा ह्रास आएको छ । जिल्लागत रुपमा हेर्दा रुकुम पूर्व, रोल्पा, कपिलबस्तु र बर्दियामा खाद्य तथा अन्य बालीहरुले ढाकेको कुल क्षेत्रफलमा ह्रास आएको छ भने अन्य जिल्लाहरुमा सामान्य वृद्धि भएको छ ।

### २.१.२ तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र

तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र गत–वर्ष कुल ५१ हजार ५ सय ८८ हेक्टर रहेकोमा समीक्षा अवधिमा २.१७ प्रतिशतले कमी आई ५० हजार ४ सय ७० हेक्टरमा झरेको देखिन्छ । जिल्लागत रुपमा हेर्दा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र गत अवधिको तुलनामा रुकुम पूर्व र पाल्पामा उल्लेख्य वृद्धि भएको छ । गुल्मी, बाँके, रोल्पा, नवलपरासी पश्चिम, प्युठान र कपिलवस्तु जिल्लामा सामान्य वृद्धि भएको छ भने अर्घाखाँची, रुपन्देही र बर्दियामा यथावत रहेको देखिन्छ ।

### २.१.३ फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्र

गत वर्षको पहिलो ६ महिनामा २७ हजार २ सय ३० हेक्टर जमीनमा फलफूल तथा मसला खेती गरिएकोमा चालु आ.व.को पहिलो ६ महिनामा २७ हजार ५७ हेक्टर जमीनमा फलफूल तथा मसला खेती गरिएको छ । जिल्लागत रुपमा हेर्दा गत अवधिको तुलनामा रुकुम पूर्वमा सुन्तला र केराको भू-क्षेत्र, रोल्पा जिल्लामा स्याउ तथा अन्य फलफूलको भू-क्षेत्र, गुल्मी जिल्लामा आँपले ढाकेको भू-क्षेत्रमा उल्लेख्य वृद्धि भएको छ । अर्घाखाँचीमा फलफूल तथा मसलाको भू-क्षेत्र, प्युठानमा मसलाको भू-क्षेत्र, रुपन्देहीमा केराको भू-क्षेत्रमा उल्लेख्य ह्रास आएको देखिन्छ । पाल्पा, कपिलबस्तु र बर्दिया जिल्लामा यस्तो भू-क्षेत्र यथावत रहेको छ भने दाङ्ग जिल्लामा सामान्य ह्रास आएको छ ।

## २.२ कृषि उत्पादन

### २.२.१ प्रमुख खाद्य तथा अन्य बालीको उत्पादन

खाद्य तथा अन्य बालीको उत्पादन गत वर्ष २७ लाख ६२ हजार ६ सय ८९ मे.टन रहेकोमा समीक्षा अवधिमा ४ प्रतिशतले ह्रास आई २६ लाख ५१ हजार १ सय २२ मे.टन रहेको छ । धान र कोदोको उत्पादन वृद्धि भएतापनि उखुको उत्पादन ४८.४६ प्रतिशतले ह्रास आएको छ । फापर, मकै, भटमासको उत्पादन सामान्य बढेको देखिन्छ भने अन्य खाद्यान्न बालीहरुको उत्पादनमा ह्रास आएको देखिन्छ ।

### २.२.२ तरकारी तथा बागवानीको उत्पादन

गत वर्षको पहिलो ६ महिनामा तरकारी तथा बागवानीको उत्पादन ४ लाख ९९ हजार ८ सय ९५ मे.टन रहेकोमा प्राप्त तथ्याङ्क अनुसार चालु वर्षको पहिलो ६ महिनामा ०.३२ प्रतिशतले सामान्य वृद्धि भई ५ लाख १ हजार ५ सय ६ मे.टन पुगेको छ।

### २.२.३ फलफूल तथा मसलाको उत्पादन

गत अवधिमा फलफूल तथा मसलाको उत्पादन १ लाख ६३ हजार ९ सय ६१ मे.टन भएकोमा समीक्षा अवधिमा ०.१७ प्रतिशतले वृद्धि भई १ लाख ६४ हजार २ सय ३७ मे.टन भएको छ। समीक्षा अवधिमा रुकुम पूर्व, गुल्मी र अर्घाखाँची जिल्लाहरुमा फलफूल तथा मसलाको उत्पादनमा ह्रास आएको छ भने अन्य जिल्लाहरुमा सामान्य वृद्धि भएको छ।

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

गत वर्ष २ लाख ४९ हजार ५ सय १८ हजार लिटर दूध उत्पादन भएको थियो भने समीक्षा अवधिमा १.१८ प्रतिशतले ह्रास भई २ लाख ४६ हजार ५ सय ७५ हजार लिटर दूध उत्पादन भएको छ। जिल्लाहरुबाट प्राप्त तथ्याङ्क अनुसार गत अवधिको तुलनामा दाङ जिल्लामा दूधको उत्पादन ८४.८६ प्रतिशतले भारी गिरावट आएको कारण समग्र दूधको उत्पादन घटेको देखिन्छ। गुल्मी जिल्लामा २४.९८ प्रतिशत, रोल्पा, प्युठान, पाल्पा, नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, बाँके, बर्दिया र अर्घाखाँची जिल्लामा दूध उत्पादन सीमान्त मात्रामा वृद्धि भएको देखिन्छ।

गत वर्षको पहिलो ६ महिनामा मासुको उत्पादन ५३ हजार ८ सय ४० मे.टन भएकोमा समीक्षा अवधिमा ५.७० प्रतिशतले वृद्धि भई ५६ हजार ९ सय ८ मे.टन पुगेको छ। जिल्लाहरुको उत्पादन अवस्था हेर्दा गत अवधिको तुलनामा बाँके जिल्लाबाहेकका अन्य जिल्लाहरुमा मासुको उत्पादन वृद्धि भएको देखिन्छ। दाङमा २१.५५ प्रतिशतले, गुल्मीमा १३.०१ प्रतिशतले, रुपन्देहीमा ५.७८ प्रतिशतले र बर्दिया जिल्लामा ५.२१ प्रतिशतले मासुको उत्पादन वृद्धि भएको छ। व्यवसायिक रुपमा भैसी, बाखा तथा कुखुरा पालनमा कृषकको आकर्षण बढ्दै गएको कारण मासुको उत्पादनमा वृद्धि भएको हो। समीक्षा अवधिमा अण्डाको उत्पादन गत अवधिको तुलनामा ७.०८ प्रतिशतले वृद्धि भई ६७ हजार ६ सय ११ हजार गोटा पुगेको छ।


समीक्षा अवधिमा हाडको उत्पादन २.३८ प्रतिशतले वृद्धि भएको छ भने छालाको उत्पादन ४.४५ प्रतिशतले वृद्धि भएको देखिन्छ। समीक्षा अवधिमा माछाको उत्पादन गत अवधिको तुलनामा २३.४६ प्रतिशतले ह्रास भई ५ हजार ६ सय २७ मे.टन भएको छ।

समीक्षा अवधिमा काठको उत्पादन ८.४९ प्रतिशतले ह्रास आई ७ लाख २४ हजार ४ सय ८२ क्युबिक फिट र दाउराको उत्पादन १६.५ प्रतिशलले वृद्धि भई १ हजार २ सय ८३ चट्टा पुगेको छ। औषधीजन्य वस्तुको उत्पादन ४.९० प्रतिशतले बढेको छ।

## २.४ सिँचाई तथा मौसम

समीक्षा अवधिमा लुम्बिनी प्रदेशको कुल सिँचित क्षेत्रफल ०.७८ प्रतिशत वृद्धि भई २ लाख ९ हजार ५ सय ६४ हेक्टर पुगेको छ (चार्ट १)। यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफल ७ लाख ५५ हजार ४ सय ६६ हेक्टरमध्ये करिब ६८ प्रतिशत अर्थात ५ लाख ११ हजार ९ सय ४ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ भने कुल खेतीयोग्य भू-भागको जम्मा २७.७४ प्रतिशत भू-भागमा मात्र सिँचाई सुविधा पुगेको छ।

**चार्ट २.१: सिचाई तथा खेतीयोग्य जमीनको स्थिति (हेक्टरमा)**




स्रोत: अध्ययन क्षेत्रका जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु ।

## २.५ क्षेत्रगत कृषि कर्जा


२०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशमा प्रवाहित कृषि कर्जा रु.३७ अर्ब ६२ करोड ११ लाख पुगेको छ । २०७७ पुस मसान्तसम्म यस प्रदेशमा प्रवाहित कुल कर्जामा क्षेत्रगत कृषि कर्जाको अंश ९ प्रतिशत मात्र रहेको छ । कृषि कर्जाको तथ्याङ्क हेर्दा कृषि तथा वन क्षेत्रमा रु.३६ अर्ब २५ करोड २४ लाख र माछापालनको क्षेत्रमा रु.१ अर्ब ३६ करोड ८६ लाख कर्जा लगानी भएको देखिन्छ । जिल्लागत रुपमा सबैभन्दा बढी रुपन्देहीमा रु.१६ अर्ब १० करोड, दाङ्गमा रु.५ अर्ब ६८ करोड, बाँकेमा रु.४ अर्ब ५० करोड, कपिलवस्तुमा रु.३ अर्ब ३९ करोड, नवलपरासी पश्चिममा रु.३ अर्ब १४ करोड, बर्दियामा रु.२ अर्ब ०४ करोड, पाल्पामा रु.१ अर्ब ०५ करोड, गुल्मीमा रु.४४ करोड, प्यूठानमा रु.५९ करोड, रोल्पामा रु.३६ करोड, अर्घाखाँचीमा रु.२६ करोड र रुकुम पूर्वमा सबै भन्दा कम रु.७३ लाख कृषि कर्जाको रुपमा लगानी भएको देखिन्छ ।

**तालिका २.१: जिल्लागत कृषि कर्जाको अवस्था**

| जिल्लाहरु | प्रवाह भएको कृषि कर्जा रकम(रु.दश लाख) | |
|---|---|---|
| **रुकुम** | **७.३८** | **सबैभन्दा कम** |
| रोल्पा | ३६४.८८ | |
| प्यूठान | ५९३.९४ | |
| गुल्मी | ४४०.४० | |
| अर्घाखाँची | २६९.९३ | |
| पाल्पा | १०५५.०९ | |
| नवलपरासी (पश्चिम) | ३१४२.५८ | |
| **रुपन्देही** | **१६१०९.९१** | **सबैभन्दा बढी** |
| कपिलबस्तु | ३३९५.३५ | |
| दाङ्ग | ५६८७.८६ | |
| बाँके | ४५०६.०५ | |
| बर्दिया | २०४७.७३ | |
| **कुल** | ३७६२१.१० | |

स्रोत: बैंक तथा वित्तयि संस्थाहरु ।

**चार्ट २.२: क्षेत्रगत कृषि कर्जा स्थिति**




स्रोत: बैंक तथा वित्तयि संस्थाहरु ।

## २.६ कृषि कर्जा

समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा गत अवधिको तुलनामा २०.२७ प्रतिशतले वृद्धि भई रु.३७ अर्ब ६२ करोड पुगेको छ । समीक्षा अवधिमा यसरी प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३५.६० प्रतिशत अर्थात रु.१३ अर्ब ३९ करोड ५१ लाख कर्जा प्रवाहित भएको देखिन्छ (चित्र नं २) । बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा विश्लेषण गर्दा समिक्षा अवधिमा गत अवधिको तुलनामा अन्नबालीमा २८.६५ प्रतिशत, तरकारी बालीमा २६.७५ प्रतिशत, अन्य नगदे बालीमा ३४.१७ प्रतिशत, फलफूल तथा पुष्पखेतीमा २१.४० प्रतिशत, मलखाद तथा किटनाशकमा ७५.४६ प्रतिशत, पशुपालन/पशुवधशालामा ४४.३१ प्रतिशत, पंक्षी पालनमा ८.०६ प्रतिशत, माहूरी पालनमा ६२.८४ प्रतिशत अन्य कृषि तथा कृषिजन्य सेवामा १२.८७ प्रतिशत, बनमा ८.४६ प्रतिशत, माछा पालनमा १६.१२ प्रतिशत र सिँचाईमा ६६.५८ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

## २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

यस प्रदेशमा रहेका कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु निम्नानुसार रहेका छन् ।

**चुनौती**

- खेतीपातीको समयमा मलखाद तथा उन्नत बीउबिजन, किटनाशक औषधी, कृषि उपकरण प्रर्याप्त मात्रामा उपलब्ध गराउनु ।
- कृषि बालीहरुमा आकस्मिक रुपमा देखापर्ने किटजन्य प्रकोप जस्तै, अमेरिकन फौजी किरा, सलह जस्ता विपत्तीहरुबाट बच्ने दीर्घकालीन योजना तयार गर्नु ।

- कोभिड-१९ का कारण कृषकहरुले उत्पादन गरेका फलफूल, तरकारी, दूध तथा मासुजन्य उत्पादनको उचित बजार व्यवस्थापन गर्नु ।
- सरकारले कृषिक्षेत्रलाई प्रवर्द्धन गर्न यस क्षेत्रमा अनुदानका कार्यक्रमहरु ल्याई कृषकलाई कृषि तथा पशु व्यवसायतर्फ आकर्षित गर्नु ।
- कृषकहरुमा बाली तथा पशुपंक्षी बीमा सम्बन्धी चेतना अभिवृद्धि गर्नु ।
- कृषकहरुलाई आफ्नो उत्पादनले उचित बजार मूल्य प्राप्त गर्छ भन्ने विस्वास दिलाउन उत्पादक र उपभोक्ताकाबीचमा सोझो सम्बन्ध स्थापित गर्न कृषि बजारको विकास गर्नु ।
- वर्षभरि सिँचाई सुविधा उपलब्ध गराउन सिँचाई पूर्वाधारको विकास र विस्तार गर्नु ।
- तरकारी तथा फलफूलजन्य उत्पादनहरुको भण्डारण गर्न भौगोलिक हिसावले विभिन्न स्थानहरुमा आवश्यक पर्ने शीत भण्डारको व्यवस्था गर्नु ।
- कृषि क्षेत्रमा पर्याप्त मात्रामा संस्थागत लगानी बढाउनु ।
- सीमावर्ती क्षेत्रबाट खुला रुपले आयात हुने कृषि उत्पादनसँग यस क्षेत्रको कृषि उपजले प्रतिस्पर्धा गर्न नसकिरहेको र भारतबाट भित्रिने खाद्य पदार्थको प्रभावकारी क्वारेन्टाइन नहुनु ।

**सम्भावनाहरु**

- यस प्रदेशका पहाडी तथा तराई भू-भागमा अधिकाँश कृषि उपजको उत्पादनको लागि आवश्यक मौसमी अनुकूलता रहेकोले अन्नबाली, फलफूल, तरकारी साथै जडिवुटी खेती गर्न उपयुक्त रहेको ।
- यस प्रदेशका सबै पालिकाहरु सडक यातायातको पहुँचमा रहेकाले कृषि उपजहरु सजिलै बजारसम्म पुऱ्याउन सकिने अवस्था रहेको ।
- यस प्रदेशमा सँचार र विद्युत आदि पूर्वाधारको पहुँचका कारण कृषि उत्पादन बढाउन टेवा पुगेको ।
- यस प्रदेशमा कृषि उपजका साथै, माछा, मासु एवम् दूधको बढ्दो मागले गर्दा कृषि उत्पादनले स्थानीयस्तरमै बजार पाउन सक्ने अवस्था रहेको ।
- सिँचाइ सुविधा उपलब्ध गराउन विभिन्न सिँचाई परियोजनाहरु निर्माण भैसकेका र हुने क्रममा रहेकाले आगामी दिनमा कृषियोग्य जमीनमा सिँचाइको सुविधा बढ्ने सम्भावना देखिएको ।
- कृषि क्षेत्रमा लगानी बढाउन सबै कृषकको पहुँच पुग्ने गरी सरल तरीकाबाट न्यूनतम ब्याजदरमा कृषि कर्जा उपलब्ध गराउने राष्ट्रिय नीति रहेकोले कृषकहरुलाई राहत पुग्ने देखिएको ।
- बीउबिजन, दूध उत्पादन तथा कृषि उपकरण खरिद आदि जस्ता शीर्षकमा सरकारले अनुदानको व्यवस्था गरेकोले कृषकलाई यस क्षेत्रमा आकर्षण बढाउन मद्दत पुगेको ।
- अन्न बाली, फलफूल तथा तरकारी खेतीका लागि पकेट क्षेत्र बनाई उन्नत बीउबिजन उपलब्ध गराई कृषकलाई आकर्षण गर्ने गरेकाले युवा जनशक्तिलाई यस क्षेत्रमा लाग्न प्रेरित गरेको ।
- नेपाल राष्ट्र बैंकवाट जारी गरिएका कृषि कर्जा सम्बन्धी विभिन्न नीति, परिपत्रहरुको पालनाका लागि बैंक तथा वित्तीय संस्था, कृषक एवम् अन्य सरोकारवाला निकायहरुसँग बेलाबखत अन्तरक्रिया एवम् छलफल भईरहेको हुँदा आगामी दिनमा कृषि लगानी वृद्धि हुँदै जाने देखिन्छ ।


# परिच्छेद ३

# उद्योग क्षेत्र

## ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

अध्ययन प्रयोजनको लागि छानिएका उद्योगहरुमध्ये समीक्षा अवधिमा चाउचाउ, मदिरा, कागज, सिमेन्ट, आल्मुनियमका उत्पादन, प्लाष्टिकको सामान र सेन्थेटिक कपडा उद्योगको क्षमता उपयोग घटेको देखिन्छ भने तोरीको तेल, गहुँको पिठो, पशुदाना र फलामको छड तथा पत्ति उद्योगको क्षमता उपयोग वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा चाउचाउ उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ९४.०९ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने छनौटमा परेका उद्योगहरुको समग्र क्षमता उपयोग ४८.८० प्रतिशत रहेको देखिन्छ ।

**चार्ट ३.१: औद्योगिक क्षमता उपयोग (प्रतिशत)**




स्रोत: अध्ययन क्षेत्रका उद्योगहरु


रुपन्देहीको बगाहामा ३६.८ हेक्टर बराबरको क्षेत्रफलमा भैरहवा विशेष आर्थिक क्षेत्रमा विद्युत सब–स्टेसन बाहेक सम्पूर्ण भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ । जम्मा ६९ प्लटहरु मध्ये ४७ प्लटहरुको सम्झौता भई उद्योग स्थापनाको कार्य अगाडि बढेको र सम्झौता भएका मध्ये ७ उद्योग स्थापनाको क्रममा रहेका छन् । जसमध्ये ३ उद्योगहरुले उत्पादन सुरु गरी निर्यात अगाडि बढाएका, १ ले हालसालै उद्योग स्थापना गरी उत्पादन शुरु गरेको र बाँकी ३ उद्योगले भौतिक पूर्वाधारको कार्य अगाडि बढाई रहेका छन् । सञ्चालनमा रहेका ३ उद्योगहरुले करिब २०० जनालाई रोजगारी दिने लक्ष्य राखेकोमा हालसम्म करिब ५० जनालाई रोजगारी प्रदान गरेका छन् ।

## ३.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७७ पुस मसान्तसम्म प्रवाहित कुलकर्जामध्ये गैर खाद्यवस्तु सम्बन्धी उद्योगमा प्रवाहित कर्जा १.५१ प्रतिशतले र विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ५.९४ प्रतिशतले ह्रास भएको छ भने खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ४७.४७ प्रतिशतले वृद्धि भएको छ ।

जिल्लागतरुपमा क्षेत्रगत औद्योगिक लगानीको स्थिति हेर्दा रुपन्देही जिल्लामा सबैभन्दा बढी ५९.२८ प्रतिशत अर्थात रु.६७ अर्ब ७२ करोड ८९ लाख लगानीमा रहेको देखिन्छ भने सबैभन्दा न्यून रुकुम पूर्वमा ०.१ प्रतिशत अर्थात् रु.११ करोड ७३ लाख ३० हजार कर्जा प्रवाह भएको देखिन्छ ।

**चार्ट ३.२: क्षेत्रगत औद्योगिक कर्जा स्थिति (रु दश लाखमा)**




स्रोत: बैंक तथा वित्तयि संस्थाहरु ।

## ३.३ औद्योगिक कर्जा

समीक्षा अवधिमा यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरुवाट औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २.८९ प्रतिशतले वृद्धि भई रु.१ खर्व १४ अर्ब २४ करोड ३९ लाख पुगेको छ । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश २७.३४ प्रतिशत रहेको छ ।

## ३.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरु**

- यस प्रदेशका युवा जनशक्ति वैदेशिक रोजगारमा जाने क्रम बढेका तर स्वदेशी उद्योगहरुमा श्रमशक्तिको अभाव भएको हुनाले युवाहरुलाई उद्योगतर्फ आकर्षित गर्नु ।

- कच्चा पदार्थ तथा तयारी वस्तुहरुको आपूर्ति, ढुवानी तथा भण्डारणको प्रभावकारी व्यवस्थापन गर्नु ।
- यस प्रदेशमा धेरै सम्भावना रहेका खानीजन्य पदार्थहरुको अन्वेषण र उत्खनन् गर्नु तथा खानीजन्य उद्योगको विकासलाई वातावरण सन्तुलनसँग तालमेल मिलाउनु ।
- उत्पादित वस्तुको भरपर्दो बजार नहुनु ।
- उद्योगलाई चाहिने कच्चा पदार्थको लागि भारतीय बजारमा निर्भर रहनु पर्ने अवस्थाको अन्त्य गर्नु ।
- सीमावर्ती बजारको भन्दा नेपाली बजारको मूल्य केही बढी हुने गरेकोले नेपाली उत्पादनले भारतीय वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको अन्त्य गर्नु ।
- उद्योगलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्न स्थानीय स्तरमा तालिम तथा प्रशिक्षण दिने निकायको व्यवस्था गर्नु ।
- उद्योग क्षेत्रमा उल्लेख्य रुपमा निजी तथा वैदेशिक लगानी आकर्षित गर्नु ।
- यस प्रदेश अन्तर्गत लुम्बिनी करिडोरमा रहेका उद्योगहरुलाई स्थानान्तरण गर्ने सरकारी निर्णयले यस क्षेत्रमा उद्योग संचालनमा देखिएको अन्यौलता अन्त्य गर्नु ।

**संभावनाहरु**

- यस प्रदेशमा उद्योगको लागि आवश्यक पर्ने युवाहरुको बाहुल्यता रहेकोले औद्योगिक वातावरण सृजना गरी युवा जनशक्ति परिचालन गर्न सकिने ।
- विद्युतीय उर्जाको निरन्तर आपूर्तिले उद्योगको विकास र विस्तारमा सकारात्मक प्रभाव परेकोले थप उद्योगहरु खोल्न सकिने ।
- खनिज लगायतका कच्चा पदार्थको सहज उपलब्धता तथा बढ्दो मागले गर्दा उद्योग खोल्न र संचालन गर्न सहज वातावरण रहेको ।
- यस प्रदेशमा भएको उत्पादनलाई छिमेकी प्रदेशहरु तथा भारतमा निकासी गर्न सहज स्थिति रहेको ।
- प्रदेश सरकारले प्राविधिक शिक्षा तथा तालिमहरुलाई प्राथमिकतमा राखेको हुँदा आगामी दिनहरुमा दक्ष जनशक्ति उत्पादन हुने सम्भावना रहेको ।


## परिच्छेद ४

## सेवा क्षेत्र

### ४.१ पर्यटन

अध्यागमन कार्यालय, बेलहियाबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा पर्यटकको आगमन संख्या गत अवधिको ७९ हजार २ सयको तुलनामा ८४.०७ प्रतिशतले कमी आई १२ हजार ६ सय १५ रहेको छ (चार्ट ४.१)। होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ लुम्बिनी प्रदेशले उपलव्ध गराएको तथ्याङ्क अनुसार समीक्षा अवधिमा यस प्रदेशमा पर्यटक स्तरिय होटलको संख्या १५.२७ प्रतिशतले वृद्धि भई १५१ पुगेको छ भने होटल शैया संख्या १४.४६ प्रतिशतले वृद्धि भई १२ हजार १ सय ९० पुगेको छ। त्यसैगरी होटलहरुले प्रदान गरेको प्रत्यक्ष रोजगारीको संख्या समेत ११.०१ प्रतिशत वृद्धि भई ७ हजार ९ सय ८५ पुगेको छ। केही होटलहरु निर्माणको क्रममा रहेकोले संचालनमा आए पश्चात प्रत्यक्ष रोजागरीको संख्या बढ्ने देखिन्छ।

**चार्ट ४.१: पर्यटक स्तरीय होटल तथा लज, शैया र पर्यटक आगमन स्थिती**




स्रोत: अध्यागमन कार्यालय, बेलहिया।

### ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

यस प्रदेशका जिल्लाहरुमा रहेका मालपोत कार्यालयहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशनको संख्या गत अवधिको ५९ हजार ४ सय ३ को तुलनामा १७.७८ प्रतिशतले वृद्धि भई ७० हजार १ सय १२ रहेको छ। गत अवधिमा कुल घरजग्गा रजिस्ट्रेशन राजश्व रु.२ अर्ब ५२ करोड ९१ लाख संकलन भएकोमा समीक्षा अवधिमा २१.११ प्रतिशतले वृद्धि भई कुल रु.३ अर्ब ६ करोड ३० लाख संकलन भएको छ। घरजग्गा रजिष्ट्रेशन संख्यामा भएको वृद्धि साथै घरजग्गाको न्यूनतम मूल्याँकनमा गरिएको पुनरावलोकन तथा यथार्थ मूल्यमा लिखत गरी सोको कर तिरिएको कारण राजस्व रकममा वृद्धि भएको हो। यसमा रुपन्देहीको वुटवल र मझगंवा, कपिलवस्तुको चन्द्रौटा, पाल्पाको रामपुर, गुल्मीको मजुवा, प्युठानको जस्पुर रोल्पाको घर्तिगांउ स्थित मालपोत कार्यालयहरुको तथ्याङ्क समेत संकलन गरी समावेश गरिएको छ।


**तालिका ४.१: घरजग्गा रजिष्ट्रेशन तथा राजश्व संकलन वृद्धि दर (प्रतिशत परिवर्तन)**

| विवरण | गत अवधिको वृद्धिदर | समीक्षा अवधिको वृद्धिदर |
|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | २.७४ | १७.८७ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दशलाखमा) | १५०.४६ | २१.११ |

स्रोतः अध्ययन क्षेत्रका मालपोत कार्यालयहरु ।

यस प्रदेशमा रहेका नगरपालिकाहरुबाट प्राप्त तथ्याङ्क अनुसार गत अवधिको ५ हजार ७ सय ३९ घरको स्थायी नक्सा पास संख्यामा २८.९४ प्रतिशतले ह्रास भई समीक्षा अवधिमा ४ हजार ७८ वटा भएको देखिन्छ । जिल्लागत रुपमा हेर्दा रोल्पा, अर्घाखाँची, नवलपरासी, बर्दिया जिल्लाहरुमा घरको स्थायी नक्शा पास गरेको संख्यामा उल्लेख्य वृद्धि भएको देखिन्छ । वृद्धि भएका जिल्लाहरुमा नयाँ नगरपालिकाहरु कायम भए पश्चात नगरपालिका भित्रका पुराना घरहरुको पनि नक्शा पास गर्नुपर्ने भएको हुँदा सो तथ्याङ्क पनि समावेश भएको कारण केहि वृद्धि भएको हो ।

**चार्ट ४.२: घरजग्गा रजिष्ट्रेशन तथा राजश्व संकलन (रु.दश लाखमा) स्थिति**





स्रोतः अध्ययन क्षेत्रका मालपोत कार्यालयहरु ।

## ४.३ वित्तीय सेवा

समीक्षा अवधिसम्म यस प्रदेशका १२ जिल्लाहरुमा (क वर्गको ६७८ वटा, ख वर्गको २७० वटा, ग वर्गको ३८ र लघुवित्त विकास बैंकको १०१८ वटा) बैंक तथा वित्तीय संस्थाहरुको २००४ शाखाहरु सञ्चालनमा रहेका छन् । यस मध्ये रुपन्देही जिल्लामा सबैभन्दा बढी ५०६ बैंक तथा वित्तीय संस्थाका शाखाहरु र रुकुम पूर्व जिल्लामा सबैभन्दा कम १४ मात्र शाखाहरु सञ्चालनमा रहेका छन् । यस प्रदेशमा रहेका सम्पूर्ण १०९ स्थानीय तहहरुमा बाणिज्य बैंकको शाखा पुगिसकेको छ । औद्योगिक तथा व्यापारिक केन्द्रको रुपमा रहेको रुपन्देही जिल्लामा मात्र यस प्रदेशको आधा भन्दा बढी आर्थिक कृयाकलापहरु संचालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या, निक्षेप तथा कर्जा लगानीको अवस्था पनि यस जिल्लामा सबैभन्दा बढी रहेको देखिन्छ (चार्ट ४.३ र चार्ट ४.४) । २०७७ पुष मसान्तसम्म यस प्रदेशबाट परिचालन गरिएको कुल निक्षेप संकलन ३२.२८ प्रतिशतले वृद्धि भई रु.३ खर्व ६७ अर्ब ८५ करोड ४३ लाख ८० हजार पुगेको छ ।

**चार्ट ४.३: कुल निक्षेप (रकम रु दशलाखमा)**




स्रोत: बैंक तथा वित्तयि संस्थाहरु ।

**(क) चल्ती निक्षेप**

२०७७ पुस मसान्तसम्म चल्ती निक्षेप गत अवधिको तुलनामा १६.८९ प्रतिशतले वृद्धि भई रु.३२ अर्ब १५ करोड ५६ लाख  ६० हजार पुगेको छ ।

**(ख) वचत निक्षेप**

२०७७ पुस मसान्तसम्म बचत निक्षेप गत अवधिको तुलनामा ३४.०९ प्रतिशतले वृद्धि भई कुल रु.१ खर्ब ८५ अर्ब ७५ करोड ३६ लाख ६० हजार पुगेको छ ।

**(ग) मुद्दती निक्षेप**


२०७७ पुस मसान्तसम्म मुद्धती निक्षेप गत अवधिको तुलनामा ३८.७७ प्रतिशतले वृद्धि भई कुल रु.१ खर्ब २१ अर्ब ८४ करोड ८९ लाख  ९० हजार पुगेको छ ।

**(घ) अन्य निक्षेप**

२०७७ पुस मसान्तसम्म अन्य निक्षेप गत अवधिको तुलनामा १५.८६ प्रतिशतले वृद्धि भई रु.२८ अर्ब ९ करोड ६० लाख ७० हजार पुगेको छ ।

२०७७ पुस मसान्तसम्म कुल निक्षेप खाताको संख्या २०.२३ प्रतिशतले वृद्धि भई ५४ लाख २६ हजार ३ सय ४९ पुगेको छ । यस प्रदेशमा २०७७ पुस मसान्तसम्म एटीएमको संख्या ६६९ पुगेको छ ।

**चार्ट ४.४: वित्तीय सेवाको (कर्जा निक्षेप) जिल्लागत अवस्था**




स्रोत: बैंक तथा वित्तयि संस्थाहरु ।

### ४.३.१ बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जा स्थिति


२०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत अवधिको तुलनामा १९.०५ प्रतिशतले वृद्धि भई कुल रु.४ खर्व १७ अर्ब ८५ करोड ४७ लाख ८० हजारपुगेको छ । बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको विश्लेषण गर्दा कृषि क्षेत्रमा ९ प्रतिशत, उद्योग क्षेत्रमा २७.३४ प्रतिशत र सेवा तथा अन्य क्षेत्रमा ६३.६६ प्रतिशत लगानी भएको देखिन्छ । यस क्षेत्रको समग्र कर्जा निक्षेप अनुपात ११३.६ प्रतिशत रहेको छ । जिल्लागत रुपमा हेर्दा यस्तो अनुपात सबैभन्दा बढी रुपन्देही जिल्लामा १३१.४ प्रतिशत छ भने रुकुम पूर्व जिल्लामा सबै भन्दा कम ३१.१ प्रतिशत रहेको छ ।

## ४.४ यातायात तथा संचार

### ४.४.१ यातायात

नेपालगन्ज, दाङ्ग र बुटवलमा रहेका अञ्चल यातायात व्यवस्था कार्यलयबाट प्राप्त तथ्याङ्क अनुसार गत अवधिमा सवारी साधनको कुल दर्ता संख्या ८ लाख २३ हजार २४ रहेकोमा समीक्षा अवधि सम्ममा १३.०८ प्रतिशतले वृद्धि भई कुल ९ लाख ३० हजार ६ सय ७८ पुगेको छ (चार्ट ४.५)।

**चार्ट ४.५: यातायात/सवारी साधनको अवस्था**




स्रोत: अध्ययन क्षेत्रका यातायात व्यवस्था कार्यलयहरु ।

## ४.५ सेवा क्षेत्र कर्जा

यस प्रदेशमा समीक्षा अवधिको अन्त्यसम्म सेवा क्षेत्रमा रु.१ खर्ब ७४ अर्ब ८८ करोड ९५ लाख ४० हजार लगानी रहेको देखिन्छ (तालिका ४.२)। प्रदेशको कुल कर्जा लगानीमा सेवा क्षेत्रको अंश ४१.८५ प्रतिशत रहेको छ । यस प्रदेशमा प्रवाहित कुल सेवा क्षेत्र कर्जा लगानीमध्ये रुपन्देही जिल्लाका बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा बढी ५३.९२ प्रतिशत अर्थात रु.९४ अर्ब ३० करोड ५० लाख २० हजार कर्जा लगानी गरेको देखिन्छ भने सबैभन्दा न्यून रुकुम पूर्व जिल्लामा ०.०३ प्रतिशत भन्दा पनि कम अर्थात रु.४ करोड ४४ लाख ७० हजार कर्जा प्रवाह भएको देखिन्छ ।

**तालिका ४.२: जिल्लागत रुपमा सेवा क्षेत्रमा प्रवाहित कर्जा**

| जिल्ला | सेवा क्षेत्रमा प्रवाहित कर्जा (रु. करोडमा) |
|---|---|
| **रुकुम पूर्व** | ४.४४ |
| रोल्पा | ६९.८५ |
| प्यूठान | १६६३.५० |
| गुल्मी | २०२१.५२ |
| अर्घाखाँची | १०६२.९६ |
| पाल्पा | ४५४९.०४ |
| नवलपरासी (पश्चिम) | ९६६६.४५ |
| **रुपन्देही** | ९४३०.५० |
| कपिलबस्तु | ६८९.६५ |
| दाङ | १७६१.०९ |
| बाँके | ३२१७.६३ |
| बर्दिया | ५०९.४४ |
| **कुल** | १७४८८.९५ |

स्रोत: बैंक तथा वित्तयि संस्थाहरु ।

## ४.६ सेवा क्षेत्रको चुनौती र संभावना

### ४.६.१ चुनौतीहरु

- कोरोना महामारीका कारण उपलब्ध पर्यटन पूर्वाधारहरु समेत शत प्रतिशत उपयोगमा नरहेकोले यस क्षेत्रमा थप लगानी विस्तार गर्नु ।
- यस प्रदेशको समग्र कर्जा निक्षेप अनुपात ११३.६ प्रतिशत रहेकोमा रुपन्देही जिल्लाको मात्रै कर्जा निक्षेप अनुपात १३१.४ प्रतिशत रहेकोले अन्य जिल्लाहरुमा कर्जा प्रवाह बढाउनु ।
- प्रदेशभित्रका पर्यटकीय स्थलहरुको पहिचान गरी पर्याप्त पूर्वाधार निर्माण, होटलहरुको पर्याप्त सुविधा, सूचना र सुरक्षाको वातावरण तयार गर्नु ।
- यस प्रदेशमा रहेका पर्यटकीय स्थलहरु तथा पर्यटक सम्पर्क केन्द्रहरुको उचित व्यवस्थापन गर्नु ।
- लुम्बिनी विकास परियोजनाका कार्यहरु समयमा नै सम्पन्न हुन नसक्दा लुम्बिनी जस्तो अन्तर्राष्ट्रिय धरोहरबाट उचित पर्यटकीय लाभ लिन नसक्नु ।

### ४.६.१ संभावनाहरु

- अन्तर्राष्ट्रिय बिमानस्थलको निर्माण तथा राजमार्गहरुको विस्तार हुनु ।
- यस प्रदेशको पर्यटकीय क्षेत्रहरुमा होटल तथा रेष्टुरेण्टहरु थपिदै जानु ।
- पर्यटकीय स्थलहरुमा पर्यटक जानकारी इकाई संचालन हुनु ।
- लुम्बिनी तथा सम्पूर्ण पर्यटकिय स्थलहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न माध्यमबाट प्रचार प्रसार गरिएको ।
- लुम्बिनी विकास गुरुयोजनाको कामलाई शीघ्रताका साथ सम्पन्न गर्न प्रयास गरिएको ।
- ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति बढाउने नीति अनुरुप यस्ता संस्थाहरुको उपस्थिति बढेको ।
- सडक विकासका लागि चाहिने ज्ञान, अनुभव तथा प्रविधि, निर्माण सामग्री तथा उपकरणहरुको सहज उपलब्धता हुनु, सडक तथा रेल यातायातमा संघीय सरकारको विशेष प्राथमिकता रहनुले आगामी दिनमा यातायात पूर्वाधारको विकास हुने देखिएको ।
- समावेशी र लैङ्गिक शिक्षालाई प्रोत्साहन गर्दै गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राखिएको ।
- स्वास्थ्य संस्थाहरुको प्रदेशव्यापी संजाल हुनु, दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरण सहितका प्रदेशका ठूला अस्पतालहरु प्रदेश मातहत आउनु, चारवटा मेडिकल कलेज संचालनमा आएको हुँदा स्वास्थ्य क्षेत्रले आगामी दिनमा राम्रो संभावना रहेको ।

# परिच्छेद ५

# पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

### ५.१.१ गौतम बुद्ध अन्तराष्ट्रीय विमानस्थल

यो विमानस्थलको निर्माण कार्य वि.सं.२०७१ माघ १ गतेबाट थालनी भएको हो । यो विमानस्थलको क्षमता Aircraft '4E' Category अर्न्तगत रहेको छ । जस अनुसार ४०० यात्रीले प्रतिघण्टा सुविधा उपभोग गर्न सक्छन् । बि.सं. २०७६ चैत ६ मा सम्पन्न हुने गरी काम थालनी भएको भएतापनि कारोनाको कारणले सम्पन्न हुने मिति सरेको छ । परियोजनाको कूल निर्माण लागत रु.७ अर्ब ३२ करोड र मुआवजा वितरण रु.२३ अर्ब ५९ करोड रहेको पाइएको छ । समीक्षा अवधीसम्म परियोजनाले ९४.५ प्रतिशत भौतिक प्रगति र ७१ प्रतिशत वित्तीय प्रगति भएको छ ।

### ५.१.२ लुम्बिनी विकास कोष (लुम्बिनी गुरुयोजना)

यो गुरुयोजना रुपन्देही जिल्लामा रहेको छ । यो गुरुयोजनाले लुम्बिनी साँस्कृतिक नगरपालिका तथा रुपन्देही क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको छ । यस गुरुयोजनाको शुरुवात विक्रम सम्बत् २०४२ बाट भएको हो भने परियोजनाको कार्य विक्रम सम्बत् २०८१ सम्ममा सम्पन्न हुने लक्ष्क्ष्य राखिएको छ । रु.७ अर्ब (संशोधित) कूल परियोजना लागत रहेको यस परियोजनाले हाल सम्म ८५ प्रतिशत भौतिक प्रगति गरेको र ७४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

### ५.१.३ हुलाकी राजमार्ग

यो राजमार्गले लुम्विनी प्रदेशका छ जिल्लाहरु क्रमश : रुपन्देही, नवलपरासी, दाङ, बाँके, बर्दिया र कपिलबस्तु जिल्लालाई समेटेको/प्रभाव पारेको छ । यो राजमार्गको निर्माण कार्यको शुरुवात विक्रम सम्बत् २०५० बाट भएको हो । कुल १७९२ कि.मि. कुल लम्बाई रहेको यो राजमार्गको निर्माण कार्य आर्थिक वर्ष २०८०/८१ सम्ममा सम्पन्न हुने लक्ष्य राखिएको छ । यस राजमार्गको निर्माण कार्यले हाल सम्म ३७.९४ प्रतिशत भौतिक प्रगति तथा १८.६७ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

### ५.१.४ सिक्टा सिँचाइ आयोजना

यो आयोजना लुम्बिनी प्रदेशको बाँके जिल्लामा संचालनमा रहेको छ । यो आयोजनाले बाँके जिल्लालाई प्रत्यक्ष प्रभाव पारेको छ । कुल ४२,७६६ हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष राखिएको यो आयोजनाको आर्थिक वर्ष २०६१/६२ बाट निर्माण कार्य शुभारम्भ भएको हो । कूल लागत रु.२५ अर्ब रहेको यो आयोजना (प्रस्ताविक गुरुयोजना अनुसार) आर्थिक वर्ष २०८६/८७ सम्ममा सम्पन्न हुने लक्ष्य राखिएको छ । यस सिँचाइ आयोजनाले हाल सम्म ७०.६३ प्रतिशत भौतिक प्रगति तथा ६३.०५ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

### ५.१.५ बबई सिँचाइ आयोजना

यो आयोजना लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा संचालनमा रहेको छ । यो आयोजनाले बर्दिया जिल्लालाई प्रत्यक्ष प्रभाव पारेको छ । कुल ३६००० हेक्टर जमीनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष राखिएको यो आयोजना २०४४/४/५ बाट निर्माण कार्य शुभारम्भ भएको हो । कुल लागत रु.१४.९९१ अर्ब रहेको यो आयोजनाले हाल सम्म ७७.३५ प्रतिशत भौतिक प्रगति तथा १९.९१ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

### ५.१.६ भेरी बबई डाइर्भसन बहुउदेश्यीय आयोजना

यो आयोजना लुम्बिनी प्रदेशको सुर्खेत जिल्लामा संचालनमा रहेको छ । यो आयोजनाले बाँके र बर्दिया जिल्लालाई प्रत्यक्ष प्रभाव पार्ने छ । कुल लागत रु.३३ अर्ब १९ करोड ६६ लाख रहेको यो आयोजना २०६८/५/७ गते बाट निर्माण कार्य शुभारम्भ भई आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पन्न हुने लक्ष्य राखेको छ । यो आयोजनाले हाल सम्म ४० प्रतिशत भौतिक प्रगति तथा ३५.७१ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

यस प्रदेशमा संचालित केन्द्रीयस्तरका अन्य आयोजनाहरु जस्तैः मध्यपहाडी लोकमार्ग, लोकमार्गमा अप्टिकल फाइवर विछ्याउने कार्य, नारायणगढ-बुटवल खण्डको सडक चौडा बनाउने योजना, सिद्धार्थनगर नगरपालिका र नेपालगञ्ज र घोराही उपमहानगरपालिकामा संचालित एकीकृत सहरी विकास आयोजना, बुटवल र घोराहीमा सभाहल निर्माण, प्युठानमा जेष्ठ नागरिक आवास निर्माण, सालभण्डी-सन्धिखर्क-ढोरपाटन सडक, भैरहवा-लुम्बिनी-तौलिहवा सडक आदि आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् ।

## ५.२ वैदेशिक रोजगारी

यस प्रदेशका सबै जिल्लाहरुबाट बैदेशिक राजगारीमा जाने युवाहरुको संख्या उल्लेख्य रहेको छ। अन्य प्रदेशमा जस्तै यस प्रदेशबाट बैदेशिक रोजगारीमा जाने मुख्य गन्तब्य देशहरुमा कतार, मलेसिया, साउदी अरब, युनाइटेड अरब इमिरेट्स् रहेका छन् ।

## ५.३ प्रत्यक्ष वैदेशिक लगानी

आर्थिक सर्वेक्षण २०७७/०७८ अनुसार आ.ब. २०७७/०७८ को फागुन मसान्तसम्म नेपालमा प्रत्यक्ष बैदेशिक लगानीका उद्योगहरुको संख्या ५ हजार १ सय ८१ रहेकोमा यस प्रदेशमा साना उद्योग ३७ मझौला १८ र ठुला उद्योग १९ गरी जम्मा ७४ वटा उद्योगहरु प्रत्यक्ष बैदेशिक लगानीमा संचालनमा रहेका छन् । संख्यात्मक रुपमा हेर्दा नेपालका कुल प्रत्यक्ष बैदेशिक लगानीमा संचालित उद्योगमध्ये १.४३ प्रतिशत उद्योगमात्र यस प्रदेशमा रहेका छन् ।

## ५.४ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र संभावना

**चुनौतीहरु**

- भन्सार नाकामा आवश्यक सबै पूर्वाधार एकीकृत रुपमा विकास गर्नु ।
- खुला सीमानाको कारण भारतबाट हुने अनौपचारिक व्यापार रोक्नु।
- राष्ट्रिय गौरवका आयोजनाको निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्नु ।
- पर्याप्त मात्रामा आन्तरिक रोजगारी सिर्जना गर्नु र युवाहरुको क्षमता अभिवृद्धि गरी स्वरोजगार योग्य बनाउनु ।

**संभावनाहरु**

- पूर्वाधार विकासका लागि जनतासँग रहेको पुँजी परिचालन गर्ने संभावना हुनु । जलाशयहरु निर्माण गरी सिँचाई तथा खानेपानीको स्रोत व्यवस्थापन गर्ने सुविधा प्राप्त हुनु । विद्युत उत्पादनमा लगानीकर्ताहरुको उल्लेख्य आकर्षण हुनु, प्रविधिको विकासले गर्दा सौर्य उर्जा उत्पादनको लागतमा भारी गिरावट आएको र उपयोगमा नआएका प्रशस्त डाँडापाखाहरुमा सौर्य उर्जा उत्पादन गर्ने संभावना रहेको छ । स्थानिय तहहरुबाट विकास निर्माणका कामहरु तीव्र पारिनु । रुपन्देहीको बगाहामा ३६.८ हेक्टर बराबरको क्षेत्रफलमा Bhairahawa

Export Processing Zone को निर्माण कार्य भएको र हाल विद्युतको समस्या समाधान भएको अवस्था रहेको छ । आगामी दिनमा करीब २ दर्जन भन्दा बढी उद्योगहरु एउटै कम्पाउण्डबाट संचालन हुँदा निर्यातको क्षेत्रमा ठूलो फड्को मार्ने देखिन्छ ।

# परिच्छेद ६
# आर्थिक परिदृष्य

## ६.१ कृषि उत्पादन

कृषि ज्ञान केन्द्रका प्रमुख, पशु सेवा विज्ञ कार्यालयका सम्बन्धित विज्ञ, डिभिजन वन कार्यालयका अधिकृत, जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका अधिकृत तथा जिल्ला वन कार्यालयका पदाधिकारीहरुसँग सम्पर्क, भेटघाट र छलफलबाट प्राप्त भएको जानकारी, सूचना र तथ्याङ्कको आधारमा कृषि उत्पादनका परिदृष्य देहाय वमोजिम रहेको छ ।

- रोल्पा जिल्लामा कोदो ब्लक संख्या एक, तरकारी ब्लक संख्या तीन र फलफूल मिसन संख्या १४ गरी जम्मा १८ वटा परियोजना संचालनमा रहेको । कोदो लगाउने क्षेत्रफल करिव २० हेक्टरले वृद्धि हुने र प्रति व्लक रु.२३ लाखको दरले लगानी हुने अनुमान रहेको । तरकारी लगाउने क्षेत्रफलमा २५ हेक्टरले वृद्धि हुने र प्रति ब्लक रु.२३ लाखले लगानी हुने अनुमान रहेको । यसैगरी विगत छ महिनामा प्युठान जिल्लामा व्यक्तिगत, सामुहिक तथा संगठितरुपमा व्यवसायिक अन्न बाली, तरकारी खेती, फलफूल खेती, पशु तथा पंक्षी पालन र माछा पालन व्यवसाय अन्तर्गत परियोजना पेशा शुरु भएका छन् । जसका कारण आगामी ६ महिनामा कृषि, पशु तथा पंक्षी पालन आदिबाट सो क्षेत्रको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

- कृषि ज्ञान केन्द, रोल्पाका अनुसार रोल्पा जिल्लामा अनुकूल मौसम तथा आवश्यक समयमा बर्षा भएको तथा सिँचाई सुविधामा पर्याप्तताको कारण आगामी छ महिनामा धानको उत्पादन करिब ०.१७ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । यसैगरी कोदोको बजार माग बढेको कारण कोदो तथा तरकारी उत्पादनको क्षेत्रफलमा वृद्धि भएकोले कोदो १०.७९ प्रतिशतले र बर्षे तरकारीमा ८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । व्यवसायिक फलफूल खेती गर्ने किसानका साथै फलफूलको क्षेत्रफलमा समेत वृद्धि भएकोले फलफूलको उत्पादनवृद्धि हुने अनुमान गरिएको छ । आगामी ६ महिना भित्रमा कृषि स्मार्ट कार्यक्रम, ब्लक विकास कार्यक्रम, आलु, मकै, फलफूल मिसन जस्ता गौरवको कार्यक्रमहरु सम्पन्न हुनुको साथै, प्रदेश सरकारले व्यवसायीक कृषकहरुलाई सहुलियत कर्जा प्रवाह गरेको हुँदा व्यवसायिक कृषकको संख्यामा वृद्धि हुनुको साथै, समग्र कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

- कृषि ज्ञान केन्द्र, नवलपरासीका अनुसार यस क्षेत्रमा पर्याप्त वर्षा नभएको कारण आगामी ६ महिनामा गहुँ, दलहन र फलफूलको उत्पादन ह्रास हुने अनुमान गरिएको छ, भने मल अभावका कारण हिउँदे तरकारीको उत्पादनमा पनि ह्रास हुने सम्भावना रहेको छ ।

- भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, रुपन्देहीका अनुसार यस क्षेत्रमा आगामी ६ महिनामा दूध, मासु, अण्डा र माछाको उत्पादन क्रमश: करिब ४ प्रतिशत, ४.५ प्रतिशत, ७ प्रतिशत र ७ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ भने उनको उत्पादन करिब १ प्रतिशतले ह्रास हुने अनुमान गरिएको छ ।

- निजी क्षेत्रमा काठ दाउराको मागमा वृद्धि हुनुको साथै कोरोना महामारीको कारण सो क्षेत्रमा निशेधाज्ञाको अवस्था नरहेकोले आगामी छ महिना भित्रमा काठ र दाउरामा २० प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । जडिबुटी खेती विस्तारको कारण जडिबुटीमा करिब १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ भने प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानुन जारी

भैसकेकोले प्रदेशको IEE/EIA को नीतिगत व्यवस्थाका कारण खोटो लगायत अन्य उत्पादनमा करिब ५० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । डिभिजन वन कार्यालय, प्युठानका अनुसार काठ करिब ३० प्रतिशत, दाउरा करिब १० प्रतिशत र दालचिनी/तेजपात जस्ता गैह्र काष्ठ उत्पादनमा करिब ५० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । अर्घाखाँचीमा हालसालै काठ दाउरा(साल) घाटगद्दी र संकलन विक्री वितरणको लागि निर्देशन भएको कारण काठ करिब ५० प्रतिशतले र दाउरा करिब १०० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । अनुकूल मौसमको कारण जडिबुटी उत्पादनमा २० प्रतिशतले र अन्य उत्पादनमा करिब १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । गुल्मी जिल्लामा श्रावण देखी कार्तिक मसान्तसम्म वन व्यवस्थापन सम्बन्धी कार्य नहुने भएकोले वनजन्य उत्पादन नहुने तर मंसिर देखि आगामी वर्षको जेठ मसान्तसम्म वन व्यवस्थापन सम्बन्धी कार्य नियमित हुने भएकाले आगामी छ महिनामा काठको उत्पादन करिव ५० प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । डभिजन वन कार्यालय, रुपन्देहीले दिएको जानकारी अनुसार वैज्ञानिक वन व्यवस्थापनका कारण आगामी छ महिनामा काठ र दाउराको उत्पादन करिव ५ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ, भने जडीबुटी खेती विस्तार नभएको कारण यसको उत्पादन यथावत रहने अनुमान रहेको छ ।

- जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, रुपन्देहीका अनुसार आगामी छ महिनामा यस क्षेत्रमा सिँचित क्षेत्रफल करिब १२ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ ।

## ६.२ औद्योगिक उत्पादन

लुम्बिनी प्रदेशका रुपन्देही, कपिलबस्तु, नवलपरासी, बाँके र बर्दिया जिल्लाहरुका सम्बन्धित उद्योगहरुबाट प्राप्त भएको जानकारी, सूचना र तथ्याङ्कको आधारमा औद्योगिक उत्पादनका परिदृष्य देहाय वमोजिम रहेको छ ।

- बागेश्वरी आइरन एण्ड स्टील प्रा.लि.,नेपालगंजले उपलब्ध गराएको तथ्याँक बमोजिम बजारमा फलामे डण्डिको मागमा आउन सक्ने ह्रासका कारण आगामी छ महिनामा यसको उत्पादनमा ह्रास आउने अनुमान रहेको छ भने रुपन्देही स्थित पंचकन्या स्टिल प्रा.लि.ले फलामे डण्डिको उत्पादन यथावत रहने अनुमान गरेको छ ।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, बर्दियाले दिएको जानकारी बमोजिम चामल उत्पादन गर्ने उद्योगहरुले औसत ३२.६३ प्रतिशत क्षमता उपयोग गरेका छन् भने आगामी छ महिनाभित्रमा चामलको उत्पादनमा करीब १० प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ ।
- पानस फमास्युटिकल्स प्रा.लि. बाँकेले दिएको तथ्याँक बमोजिम औषधीको उत्पादन करिब २० प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ ।
- यस प्रदेशका बाँके र नवलपरासी पश्चिममा संचालनमा रहेका डिष्टिलरीहरुले ७२.७५ प्रतिशत क्षमता उपयोग गरेको पाइएकोमा आगामी छ महिनामा बाँकेमा करिव १५ प्रतिशत र नवलपरासी पश्चिममा करिव १० प्रतिशतले मदिरा उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ ।
- सौरभ आयल मिल बाँकेले दिएको तथ्याँक अनुसार अन्तर्राष्ट्रिय तेल बजारमा तेल र कच्चा पदार्थको मूल्यमा गत वर्षको तुलनामा वृद्धि भएको कारण आगामी ६ महिनामा तेलको उत्पादन करिव १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

- एम के पेपर मिल्स प्रा.लि.ले उपलब्ध गराएको तथ्याँक बमोजिम पेपरको आयातमा भएको वृद्धि तथा बजारमा पेपरको मागमा आएको ह्रासको कारणले २५ प्रतिशत उत्पादनमा ह्रास आउने अनुमान रहेको छ ।
- रारा केमिकल्स प्रा.लि., बाँकेले उपलब्ध गराएको तथ्याँक अनुसार साबुन उद्योगले ४० प्रतिशत क्षमता उपयोग गरेका छन् । कोभिड-१९ को कारण साबुन उत्पादन गर्ने कच्चा पदार्थ भारत तथा तेश्रो मुलुकबाट आयात हुन नसकेको कारण साबुनको उत्पादनमा ५२ प्रतिशतले ह्रास आउने अनुमान रहेको छ ।

## ६.३ सेवा क्षेत्र

- परम्परागत सेवा व्यवसायको अतिरिक्त यस प्रदेशको बहु-प्रतिक्षित परियोजनामध्येको गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलको निर्माण कार्य ९४.५ प्रतिशत सम्पन्न भएको र आगामी अवधिमा निर्माण सम्पन्न भई सन्चालनमा आए पश्चात पर्यटन क्षेत्र विस्तार हुने अनुमान रहेको छ ।
- गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थललाई लक्षित गरी यस क्षेत्रमा स्थापना गरिएका पर्यटन तथा होटलव्यवसायमा वृद्धि हुने अनुमान रहेको छ ।
- भारतीय पर्यटकको लागि मानसरोबर र कर्णाली प्रदेशको प्रवेशद्धारको रुपमा नेपालगन्ज रहेकोले त्यहाँ स्थापित पर्यटन तथा होटल व्यवसाय बढ्ने अनुमान रहेको छ ।

## ६.४ पूर्वाधार क्षेत्र

- यस प्रदेशमा निर्माणाधीन रहेका सिक्टा सिँचाई, बबई सिँचाई, भेरी बबई ड्राइभर्सन, गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल निर्धारित अवधिमा निर्माण सम्पन्न गरी सन्चालनमा आउने अनुमान गरिएको छ ।
- सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक, मध्यपहाडी लोकमार्ग, शहीद लोकमार्ग, हुलाकी राजमार्गका केही भाग र कालिगण्डकी करिडोर निर्माण कार्यमा उल्लेख्य प्रगति हुने अनुमान गरिएको छ ।
- यस प्रदेशमा संचालित केन्द्रीयस्तरका अन्य आयोजनाहरु जस्तैः लोकमार्गमा अप्टिकल फाइवर विछ्याउने कार्य, नारायणगढ-बुटवल खण्डको सडक चौडा बनाउने योजना, नेपालगञ्ज र घोराही उपमहानगरपालिका एवम् सिद्धार्थनगर नगरपालिकामा संचालित एकीकृत सहरी विकास आयोजना, बुटवल र घोराहीमा सभाहल निर्माण, प्यूठानमा जेष्ठ नागरिक आवास निर्माणमा उल्लेख्य प्रगति हुने अनुमान रहेको छ । प्रदेश तथा स्थानीय सरकारबाट संचालित ससाना सिँचाई आयोजना, खानेपानी तथा सडक निर्माण आयोजनाहरु पनि निर्माण सम्पन्न हुने अनुमान रहेको छ ।